// कोहलपुर राजपत्र

खण्ड :०३ संख्या : ०६ प्रकाशित मिति : २०७६/०९/१५

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कोहलपुर नगरकार्यपालिकाले बनाएको तललेखिए बमोजिमको शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७६ सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-०२

# कोहलपुर नगरपालिका

# शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७६

प्रस्तावनाः कोहलपुर नगर क्षेत्रमा रहेका सबै सामुदायिक विद्यालयमा रहेको शिक्षक विद्यार्थी सङ्ख्याको गणितीय अनुपात बमोजिम विद्यालयमा शिक्षकको व्यवस्था गर्न वाञ्छनीय भएकाले कोहलपुर नगरपालिकाको नगरकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ को दफा (११) ज.११ ले दिएको अधिकार बमोजिम यो शिक्षक दरबन्दी मिलान कार्यविधि बनाइएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ**

(क) यस कार्यविधिको नाम **शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७६**" रहेको छ ।

(ख) यो कार्यविधि कोहलपुर नगरपालिका भर लागू हुनेछ ।

(ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "नगरपालिका" भन्नाले कोहलपुर नगरपालिका बुझ्नु पर्नेछ ।

(ख) "प्रमुख" भन्नाले कोहलपुर नगरपालिकाको नगर प्रमुख लाई बुझ्नु पर्नेछ ।

(ग) "उप प्रमुख" भन्नाले कोहलपुर नगरपालिकाको उप प्रमुख लाई बुझ्नु पर्नेछ ।

(घ)"कार्यपालिका" भन्नाले कोहलपुर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

( ङ)" प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोहलपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

(च)"नगर शिक्षा समिति" भन्नाले कोहलपुर नगरपालिकाको नगर शिक्षा समिति लाई सम्झनु पर्छ

(छ)"दरबन्दी मिलान" भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी शिक्षक र त्यस्ता दरबन्दीमा रहेका सबै खाले सट्टा शिक्षक, अस्थायी बढुवाका शिक्षक, शिक्षक अनुदान कोटा (राहत) मा रहेका शिक्षक, अपाङ्ग शिक्षक, महिला परियोजनामा रहेका शिक्षक र यस्तै अन्य स्केलअनुसार अनुदानको तलब भत्ता पाउने शिक्षकलाई सम्झनुपर्छ ।

(ज)"नियमावली"भन्नाले नगर शिक्षा नियमावली, २०७६ (पहिलो संशोधन) बुझ्नु पर्छ ।

(झ)"तह" भन्नाले विद्यालयको तह बुझ्नु पर्नेछ ।

(ञ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय सम्झनु पर्छ।
(ट) "नगर शिक्षा प्रमुख" भन्नाले नगरपालिकाभित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा युवा तथा खेलकुद शाखाको वरिष्ठतम कर्मचारी बुझ्नु पर्नेछ।
(ठ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।
(ड) "विद्यालयको समायोजन" भन्नाले विद्यालय गाभ्ने वा ठाउँ सार्नेवा नाम परिवर्तन गर्ने वा बन्द गर्ने कार्य वा वा तह वा कक्षा घटाउने बुझ्नुपर्छ।
(ढ)"विद्यालय व्यवस्थापन समिति" भन्नाले कोहलपुर नगरपालिका क्षेत्र भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ।
(ण)"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम वा कार्यविधमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२
## विवरण अद्यावधिक

१. विवरण अध्यावधिक गर्ने : (१) विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरूको विवरण अध्यावधिक गर्नुपर्ने छ। विवरण अद्यावधिक गर्दा लगत्तै पछिल्लो शैक्षिक सत्रको अन्तिम वार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दबन्दी लगायत सरकारी अनुदानबाट तलब खाने गरी शिक्षक छनौट प्रक्रिया पूरा गरी आएका हाल कार्यरत स्थायी अस्थायी शिक्षकहरूको विवरण अद्यावधिक गर्नुपर्ने छ। अवधि तोकी काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलबभत्ता पाउँदछन् सोही विद्यालयको शिक्षकमा गणना गर्नुपर्नेछ। अवधि नतोकेकोमा दरबन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्नुपर्नेछ।

२. विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्ने :(१)विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्दा ४० जना विद्यार्थी बराबर एक जना शिक्षक मानी अनुपात निकाल्नु पर्ने छ।

## परिच्छेद-३
## विद्यालयगतरूपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधारहरू

३.१ कक्षा १–३ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या रहेपनि न्यूनतम २ ओटा दरबन्दी कायम गर्ने।

३.२ खण्ड ३.१ बमोजिमको विद्यालयमा एकसट्ठी ६१ जना विद्यार्थी वा सो भन्दा बढी भएमा र हाल विद्यालयमा ३ ओटा दरबन्दी कायम रहेको भए ३ (तीन)ओटै दरबन्दी कायम गर्ने। तर त्यस्तो विद्यालयमा १५० (एक सय पचास) जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने। सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा कोहलपुर नगर शिक्षा नियमावलीअनुसार कायम गर्ने।

३.३ कक्षा १–५ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या भएपनि न्यूनतम ३(तीन)ओटासम्म दरबन्दी (स्वीकृत वा राहत कोटा वा नगरपालिका अनुदानको शिक्षक) कायम गर्ने।

३.४ खण्ड ३.३ बमोजिमको विद्यालयमा विद्यार्थी सङ्ख्या १२० देखि १४९ सम्म भई ४ जना शिक्षक कार्यरत रहेको (स्वीकृत दरबन्दी वा राहतको कोटा वा नगरपालिका अनुदानको शिक्षक) अवस्थामा ४ ओटा दरबन्दी कायम गर्ने।

३.५ खण्ड ३.३ बमोजिमको विद्यालयमा विद्यार्थी सङ्ख्या १५० जना वा सोभन्दा बढी भई  त्यस विद्यालयमा  ५ जनासम्म दरबन्दी रहेको भए ५ ओटै दरबन्दी कायम गर्ने । तर त्यस्तो विद्यालयमा २५० जनाभन्दा बढी विद्यार्थी नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी शिक्षक हुने गरी थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा कोहलपुर नगर शिक्षा नियमावली अनुसार कायम गर्ने ।

३.६ कक्षा १–८  सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी रहेपनि न्यूनतम ७ जना (प्रा.वि. ३जना र नि.मा.वि.४ जना) शिक्षक दरबन्दी(स्वीकृत वा राहत कोटा वा नगरपालिका अनुदानको) कायम गर्ने ।

३.७ खण्ड ३.६ बमोजिमकोविद्यालयमा २४० वा सो भन्दा बढी विद्यार्थी सङ्ख्या भई प्रा.वि. र नि.मा.वि.तहमा गरी ९ ओटासम्म दरबन्दी कायम रहेको भए यथावत् रहन दिने, तर ४०० जनाभन्दा बढी विद्यार्थी नपुग्दासम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सोभन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा कोहलपुर नगर शिक्षा नियमावली अनुसार कायम गर्ने ।

३.८ कक्षा ९–१० सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या भएपनि न्यूनतम ५ ओटासम्म (दरबन्दी वा राहत वा नगरपालिका अनुदान) शिक्षक दरबन्दी कायम गर्ने । सोभन्दा शिक्षक सङ्ख्या थप वा घट गर्नु पर्दा विद्यार्थी संख्याको आधारमा शिक्षा नियमावलीअनुसार कायम गर्ने ।

३.९ कक्षा ९–१२  सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या भएपनि न्यूनतम ८(५ ज ोड ३) ओटासम्म  दरबन्दी (स्वीकृत वा राहत कोटा वा नगरपालिका अनुदान) कायम गर्ने ।

३.१० खण्ड ३.९ बमोजिमभन्दा बढी शिक्षक दरबन्दी (स्वीकृत वाराहत कोटा वा नगरपालिका अनुदान) थप गर्नुपर्दा उच्च माध्यमिक शिक्षक दरबन्दी थप्नको लागि तयार भएको निर्देशिका अनुसार जिल्लामा प्राप्त कोटाको आध ारमा गर्ने ।

३.११ कक्षा ६–१०सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूनतम ९ (निमावि ४ र मावि ५ जना) दरबन्दी(स्वीकृतवाराहत वा नगरपालिका) कायम गर्ने ।

३.१२ खण्ड ३.११ बमोजिमभन्दा बढीदरबन्दी थप गर्नु पर्दा कोहलपुर नगरपालिका क्षेत्रका विद्यालयमा ३०० विद्यार्थी नपुग्दासम्म तहगतरूपमा दरबन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावलीअनुसार कायम गर्ने ।

३.१३ कक्षा ६–१२  सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूनतम १२  (निमावि ४ र मावि ५, उमावि ३) दरबन्दी (स्वीकृत वा राहत वा नगरपालिका अनुदान) कायम गर्ने ।

३.१४ खण्ड ३.१३ बमोजिमभन्दा बढी शिक्षक दरबन्दी थप गर्नु पर्दा कोहलपुर नगरपालिका क्षेत्रका विद्यालयमा ४०० विद्यार्थी नपुग्दासम्म तहगतरूपमा दरबन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा कोहलपुर नगर शिक्षा नियमावली अनुसार कायम गर्ने ।

## परिच्छेद-३
## दरबन्दी मिलानका थप प्रक्रिया र आधारहरु

४. दरबन्दी मिलानको क्रममा अपनाउने थप प्रक्रिया तथा आधारहरू

(क) नगर शिक्षा नियमावलीले तोके बमोजिम न्यूनतम विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिएको न्यूनतम शिक्षक सङ्ख्या हाल रहन दिने ।

(ख) न्यूनतम विद्यार्थी सङ्ख्या कायम गर्दा नगर शिक्षा नियमावलीअनुसार तोकिएको विद्यार्थी सङ्ख्याको न्यूनतम ४० प्रतिशत विद्यार्थी हुनु पर्ने । त्यसभन्दा कम विद्यार्थी सङ्ख्या भएमा त्यस्ता विद्यालयहरूलाई तह वा कक्षा घटाउने वा समायोजन तर्फ लैजाने व्यवस्था मिलाउने ।

(ग) हालको लागि खण्ड ४(ख) मा उल्लेख भएको विद्यार्थी सङ्ख्या न्यूनतम विद्यार्थी सङ्ख्याको रूपमा तोकिए पनि विद्यार्थी सङ्ख्या बढाई शिक्षा नियमावलीअनुसार पुरयाउनु पर्ने ।

(घ) भौगोलिक विकटताको कारणले अप्ठेरो ठाउँमा रहेको र मर्ज गर्न नसकिने विद्यालयहरूमा बहुकक्षा शिक्षण पद्धति बमोजिम शिक्षण गराउने व्यवस्था मिलाउने ।

(ङ) कुनै विद्यालयमा दरबन्दी खाली भएको अवस्थामा दरबन्दी मिलान कार्य नहुँदासम्म विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या बढी भएका विद्यालयमा शिक्षक नियुक्तिसम्बन्धी प्रक्रिया रोक्का गर्ने र त्यस्तो दरबन्दीलाई नगर शिक्षा समितिको पुल दरबन्दीमा ल्याई दरबन्दी मिलान गर्दा आवश्यक ठाउँमा वितरण गर्ने । तर जुन विद्यालयमा शिक्षक पदपूर्ति नभएको कारणले विद्यालय नै बन्द हुने या कुनै विषयको पठनपाठन नै हुन नसकि बाधा उत्पन्न हुने अवस्था भएमा नगरपालिकाले शिक्षा विकास तथा समन्वय इकाइबाट अनुमति लिई शिक्षक नियुक्ति लागि प्रक्रिया अगाडि बढाउन अनुमति दिने व्यवस्था मिलाउने ।

(च) दरबन्दी मिलान गर्दा सबै सामुदायिक विद्यालयको हकमा न्यूनतम विद्यार्थी सङ्ख्या र शिक्षक सङ्ख्या कायम गर्ने ।

## परिच्छेद-३
## दरबन्दी मिलानपछिको शिक्षक व्यवस्थापन

५. अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निजहरूले चाहेको विद्यार्थ ी शिक्षक अनुपात बढी भएका विद्यालयमा काममा खटाउने व्यवस्था गर्ने ।

६. शिक्षकलाई अन्य विद्यालयमा काममा खटाउँदा विद्यार्थी सङ्ख्याको आधारमा सबैभन्दा बढी विद्यार्थी भएमा विद्यालयका सम्बन्धित तहमा खटाउने गरी क्रमशः विद्यालयहरूलाई सम्बोधन गर्ने ।

७. सर्वप्रथम सम्बन्धित वडा एवं नजिकक ो वडाका विद्यालयमा स्थानको उपलब्धता र शिक्षकहरूको जेष्ठताको आधारमा रोजिएको विद्यालयमा खटाउने । स्नातक उत्तीर्ण शिक्षकलाई माध्यमिक विद्यालयमा र स्नातकोत्तर उत्त ीर्ण शिक्षकलाई सकेसम्म कक्षा ११ र १२ चलिरहेको माविमा पठाउने व्यवस्था गर्ने ।

८. दरबन्दी मिलान गर्दा कमी वा बढी हुने शिक्षकहरूको सङ्ख्या एकीन गरी सारा ंश विवरण तयार गर्ने ।

९. महिला र अपांग शिक्षकको हकमा सम्बन्धित शिक्षकको सहमति बेगर कनिष्टतम् भएपनि पहिलो चरणमा अन्यत्र नपठाउने तथा त्यस्ता बढी हुन आउने शिक्षकलाई नगर शिक्षाको पुलमा राख्ने ।

१०. दरबन्दी मिलान कार्य सम्पन्न नगर्दासम्म रिक्त पदमा नियुक्तिर सरुवाका लागि अनुमति रोक्का गर्ने र शिक्षण व्यवस्थापन अनुदान समेत वितरण नगर्ने ।नियुक्ति र सरुवाको अनुमति रोक्का भएपछि कुनै विद्यालयमा शिक्षक दरबन्दी रिक्त हुन गएमा यदि सो विद्यालयमा विद्यार्थी शिक्षक अनुपातअनुसार दरबन्दी बढी छ भने दरबन्दी मिलान नगर्दासम्म नयाँ नियुक्ती गर्न अनुमति नदिने र सरूवा गरेर पनि पदपूर्ति नगर्ने । उक्त पद दरबन्दीलाई आवश्यक विद्यालयमा काजमा राख्न सकिन े ।

११. दरबन्दी नभएको विद्यालयमा मिलानपछि शिक्षक व्यवस्था गर्नु परेमा सरुवा सरुवा भएकै विद्यालयबाट तलब भत्ता खाने गरी काज सरुवा गर्ने ।

१२. शिक्षक दरबन्दीका मिलानका लागि खटाउदा फिडर प्राvि तथा लिडर माविको अवधारणा अनुसार विद्यालय नक्साङ्कनको आधारलाई समेत ख्याल राखी विद्यालयहरूमा खटाउन  सिफारिस गर्ने ।

१३.  दरबन्दी मिलानक कार्यअवधिमा शिक्षा मन्त्रालय वा शिक्षा तथा मानव स्रोत विकस केन्द्रबाट शिक्षक दरबन्दी मिलान सम्बन्धी कुनै नीति नियम निर्देशन वा कार्यविधि जारी भएमा सोही अनुसार गर्ने गराउने ।

## परिच्छेद-४

## दरबन्दी मिलान कार्यदलको गठन

**१.दरबन्दी मिलान कार्य गर्नका लागि दरबन्दी मिलान कार्यदलको गठन गर्न सकिनेछ । दरबन्दी मिलान समितिका पदाधिकारीहरु देहाय बमोजिम रहनेछन् :**

क.  नगर शिक्षा प्रमुख – सयोजक

ख.  नगर प्रमुखबाट मनोनित नगरकार्यपालिका सदस्य मध्येबाट एक जना  महिला– सदस्य

ग.  नेपाल शिक्षक महासङ्घका नगर अध्यक्ष- सदस्य

घ.नगर प्रमुखबाट मनोनित नगर क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापक २ जना- सदस्य

ङ. नगर क्षेत्रका सामुदायिक आधारभूत विद्यालयका वरिष्ठतम् प्रधानाध्यापक- सदस्य

च. नगर शिक्षा अधिकृतवा नगर शिक्षा प्रमुखले तोकेको शिक्षा शाखाको प्रशासनिक एक जना कर्मचारी–सदस्य-सचिव

२.  शिक्षा, युवा तथा खेलकुद शाखाका तथ्याङ्क हेर्ने सहायक कर्मचारी तथा अन्य दुई जना जिम्मेवारपदाधिकारी वा कर्मचारीलाई बैठक र अन्य कार्यमाआमन्त्रित गर्न सकिनेछ ।

३.समितिको सचिवालय नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ ।

४.समितिको सचिवालयका लागि आवश्यक पर्ने स्टेसनरी तथा कम्प्युटर सम्बन्धी कामका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको बैठक भत्ता लगायतका सुविधाका लागि आवश्यक पर्ने बजेट रकम नगर कार्यपालिकाले व्यवस्था गर्नेछ ।

५. दरबन्दी कार्यदलको काम कर्तव्य र अधिकार

क.शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक सङ्ख्या, दरबन्दी मिलानपछि कायम हुने शिक्षक सङ्ख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी सङ्ख्या एकीन गर्ने ।

ख. शिक्षकहरुबाट भरिएर आएका विद्यालय छनौट फारामहरु विश्लेषण गर्ने र विद्यालयहरुमा तहगत तथा वियगत रुपमा शिक्षक दरबन्दी मिलान गर्न खटाइने विद्यालय र शिक्षकको नामावली विवरण सहित सिफारिस गर्ने ।

ग. नगरपालिकाले दिइएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## विविध:

१. **कार्यविधिको व्याख्या:** यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगरकार्यपालिकाले गर्नेछ।

२. **कार्यविधि संसोधन:** यस कार्यविधिका प्रावधानहरुमा नगरकार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ।

३. **बाधा अड्चन फुकाउ:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय नगरकार्यपालिकाले गर्नेछ।

प्रमाणिकरण मिति : २०७६/०९/१३

आज्ञाले

वीरेन्द्र देव भारती

प्रमुख प्रशासकिय अधिकृत

# अनुसूची १

क.  कक्षा १–३ सञ्चालन भएका सामुदायिक विद्यालय

| क्र. सं. | विद्यालयको नाम | वडा नं. | टोल | कुल विद्यार्थी सङ्ख्या | मौजुदा शिक्षक सङ्ख्या | | | दरबन्दी मिलानपछि कायम हुने शिक्षक सङ्ख्या | | | थप दरबन्दीका लागि पुग्नुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | नगरपालिका | स्थायी | करार | नगरपालिका | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | | |
| १५ | | | | | | | | | | | | |

ख.  कक्षा १–५ सञ्चालन भएका सामुदायिक विद्यालय

| क्र. सं. | विद्यालयको नाम | वडा नं. | टोल | कुल विद्यार्थी सङ्ख्या | मौजुदा शिक्षक सङ्ख्या | | | दरबन्दी मिलानपछि कायम हुने शिक्षक सङ्ख्या | | | थप दरबन्दीका लागि पुग्नुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | नगरपालिका | स्थायी | करार | नगरपालिका | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | | |
| १५ | | | | | | | | | | | | |
| १६ | | | | | | | | | | | | |

ग. कक्षा ६–८ सञ्चालन भएका सामुदायिक विद्यालय

| क्र. सं. | विद्यालयको नाम | वडा नं. | टोल | कुल विद्यार्थी सङ्ख्या | विषय | मौजुदा शिक्षक सङ्ख्या | | | दरबन्दी मिलानपछि कायम हुने शिक्षक सङ्ख्या | | | थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | नगरपालिका | स्थायी | करार | नगरपालिका | | |
| १ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणितविज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| २ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणितविज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| ३ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणितविज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| ४ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणितविज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| ५ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणितविज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| ६ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणितविज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |

घ. कक्षा ९–१० सञ्चालन भएका सामुदायिक विद्यालय

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | टोल | कुल विद्यार्थी सङ्ख्या | विषय | मौजुदा शिक्षक सङ्ख्या | | | दरबन्दी मिलानपछि कायम हुने शिक्षक सङ्ख्या | | | थप दरबन्दीका लागि पुग्नुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | नगरपालिका | स्थायी | करार | नगरपालिका | | |
| १ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| २ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| ३ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| ४ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| ५ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| ६ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| ७ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| ८ | | | | | नेपाली | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| ९ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| १० | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |
| ११ | | | | | नेपाली | | | | | | | | |
| | | | | | अङ्ग्रेजी | | | | | | | | |
| | | | | | गणित | | | | | | | | |
| | | | | | विज्ञान | | | | | | | | |
| | | | | | सामाजिक | | | | | | | | |

ङ. कक्षा ११–१२ सञ्चालन भएका सामुदायिक विद्यालय

शिक्षकले भर्ने विद्यालय छनौट फाराम

क. आधारभूत तह कक्षा १-३ का लागि

| शिक्षकको पूरा नाम | थर | उमेर | अपाङ्गता भए कुन श्रेणी | नियुक्तिको किसिम* | श्रेणी | सिफारिस क्रम | नियुक्तिको तह | नियुक्ति मिति | नियुक्तिको विषय | सेवा वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

*नोट: नियुक्तिको किसिममा स्थायी/ अस्थायी/ राहत/ न.पा.को अनुदान/नीजी के हो उल्लेख गर्ने ।

| माथिल्लो शैक्षिक योग्यता | शैक्षिक योग्यताको मूल विषय | | शिक्षण गर्ने विषय | माथिल्लो तहमा शिक्षण गरेको भए | | सेवाकालीन तालिमको विषय | पदस्थापन कसरी भएको हो* | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तह | विषय | | | | |
| | | | | | | | | | |
| | * नोट: कार्यक्षमता मूल्याङ्कन, आन्तरिक प्रतियोगिता र खुल्ला | | | | | | | | |

| सि.नं. | विद्यालयको नाम | तह | वडा नं. | टोल | संचालित कक्षा | मिलान गरी कायम भएको दरबन्दी | प्राथमिकता क्रम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | अङ्कमा | अक्षरमा | |
| १ | लक्ष्मी | मावि | | | कक्षा १२ सम्म | | | | |
| २ | राम | मावि | | | कक्षा १२ सम्म | | | | |
| ३ | सगरमाथा ज्ञान पूंज | मावि | | | कक्षा १२ सम्म | | | | |
| ४ | त्रिभुवन | मावि | | | कक्षा १२ सम्म | | | | |
| ५ | ज्ञान ज्योति | मावि | | | कक्षा १२ सम्म | | | | |
| ६ | जनज्ञान ज्योति | मावि | | | कक्षा १० सम्म | | | | |
| ७ | कृष्ण | मावि | | | कक्षा १० सम्म | | | | |
| ८ | जनता् | मावि | | | कक्षा १० सम्म | | | | |
| ९ | नेपाल राष्ट्रिय | मावि | | | कक्षा १० सम्म | | | | |
| १० | ज्ञान ज्योति | मावि | | | कक्षा १० सम्म | | | | |
| ११ | सरस्वती | आवि | | | कक्षा १० सम्म | | | | |
| १२ | सिदार्थ | आवि | | | कक्षा ८ सम्म | | | | |
| १३ | बालशिक्षा | आवि | | | कक्षा ८ सम्म | | | | |
| १४ | नेपाल राष्ट्रिय | आवि | | | कक्षा ८ सम्म | | | | |
| १५ | नेपाल राष्ट्रिय | आवि | | | कक्षा ८ सम्म | | | | |
| १६ | नेपाल राष्ट्रिय | आवि | | | कक्षा ८ सम्म | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | नेपाल राष्ट्रिय | आवि | | | कक्षा ७ सम्म | | | | |
| १८ | जनचेतना | प्रावि | | | कक्षा ४ सम्म | | | | |
| १९ | मुक्ति | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २० | शिवशक्ति | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २१ | हिमालय मदरसा | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २२ | जनज्योति | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २३ | नेपाल राष्ट्रिय | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २४ | बाल शिक्षा | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २५ | विद्याज्योति | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २६ | नेपाल राष्ट्रिय | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २७ | राधाकृष्ण | प्रावि | | | कक्षा ४ सम्म | | | | |
| २८ | सृजना बाल | प्रावि | | | कक्षा ४ सम्म | | | | |
| २९ | मदरसा स्लामिया रहमतूलम | प्रावि | | | कक्षा २ सम्म | | | | |
| | जम्मा दरबन्दी | | | | | | | | |

मिलान पछि कायम भएको दरबन्दी भेरर मात्र शिक्षकहरुलाई वितरण गर्ने। जान चाहेको विद्यालयको नाम हेरेर तलतिरको सबै रोमा कमशः अङ्कमा ज्ञ,द्द,घ र अक्षरमा एक, दुई, तीन लेख्दै जाने।

शिक्षा विभागको च.नं. ५५ मिति २०७३/९/२४को पत्र अनुसार शिक्षकको वरिष्ठता कायम हुने र सोही अनुसार प्राथमिकता क्रम निर्धारण हुने।

क. सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता।

ख. खण्ड 'क' बाट जेष्ठता नछुट्टिए सोभन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता।

ग. खण्ड 'क' र 'ख' बाट जेष्ठता नछुट्टिएमा सम्बन्धित श्रेणीको अस्थायी नियुक्ति मितिको जेष्ठता।

घ.खण्ड 'क', 'ख', र 'ग' बाट समेत जेष्ठता नछुट्टिएमा खण्ड क को प्रावधानमा सिफारिसको योग्यताक्रम। यदि खुला, कार्यक्षमता, मूल्याङ्कन र आन्तरिक बढुवा एउटै मितिमा भए क्रमश: कार्य क्षमता मूल्याङ्कन, आन्तरिक प्रतियोगिता र खुल्लाका आधारमा।

मैलै दरबन्दी मिलानका सबै आधारहरु पढी विवरणहरु भरेको छु र आफ्नै स्वेच्छाले जान चाहेको विद्यालयको नाम पछि क्रमशः १,२,३ गरेर अङ्क र अक्षर दुवैमा प्राथमिकताक्रम उल्लेख गरेको छु। विवरण फरक परेमा वा पूरा नभरेका वा नभरेका कारण नगरपालिकाले गरेको निर्णय मान्न र खटाएको ठाउँमा जान मञ्जुर छु।

शिक्षकको सही: .......................................... नाम: .......................................... मिति: ..........................................

शिक्षकले भरेको उक्त विवरण सही छ भनी प्रमाणित गर्ने

प्रधानाध्यापकको सही: .......................................... नाम: .......................................... छाप: .......................................... मिति: ..........................................

ख. आधारभूत तह कक्षा १-५ का लागि

| शिक्षकको पूरा नाम | थर | उमेर | अपाङ्गता भए श्रेणो | नियुक्तिको किसिम* | श्रेणी | सिफारिस क्रम | नियुक्तिको तह | नियुक्ति मिति | नियुक्तिको विषय | सेवा वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

*नोट: नियुक्तिको किसिममा स्थायी/ अस्थायी/ राहत/ न.पा.को अनुदान/नीजी के हो उल्लेख गर्ने ।

| माथिल्लो शैक्षिक योग्यता | शैक्षिक योग्यताको मूल विषय | | शिक्षण गर्ने विषय | माथिल्लो तहमा शिक्षण गरेको भए | | सेवाकालीन तालिमको विषय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तह | विषय | | | | |
| | | | | | | | | | |

विद्यालय छनौट फाराम

| **सि.नं.** | **विद्यालयको नाम** | **तह** | वडा नं. | टोल | संचालित कक्षा | **मिलान गरी कायम भएको दरबन्दी** | **प्राथमिकता क्रम** | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | **अङ्कमा** | **अक्षरमा** | |
| १ | लक्ष्मी | मावि | | | कक्षा १२ सम्म | | | | |
| २ | राम | मावि | | | कक्षा १२ सम्म | | | | |
| ३ | सगरमाथा ज्ञान पूंज | मावि | | | कक्षा १२ सम्म | | | | |
| ४ | त्रिभुवन | मावि | | | कक्षा १२ सम्म | | | | |
| ५ | ज्ञान ज्योति | मावि | | | कक्षा १२ सम्म | | | | |
| ६ | जनज्ञान ज्योति | मावि | | | कक्षा १० सम्म | | | | |
| ७ | कृष्ण | मावि | | | कक्षा १० सम्म | | | | |
| ८ | जनता् | मावि | | | कक्षा १० सम्म | | | | |
| ९ | नेपाल राष्ट्रिय | मावि | | | कक्षा १० सम्म | | | | |
| १० | ज्ञान ज्योति | मावि | | | कक्षा १० सम्म | | | | |
| ११ | सरस्वती | आवि | | | कक्षा १० सम्म | | | | |
| १२ | सिदार्थ | आवि | | | कक्षा ८ सम्म | | | | |
| १३ | बालशिक्षा | आवि | | | कक्षा ८ सम्म | | | | |
| १४ | नेपाल राष्ट्रिय | आवि | | | कक्षा ८ सम्म | | | | |
| १५ | नेपाल राष्ट्रिय | आवि | | | कक्षा ८ सम्म | | | | |
| १६ | नेपाल राष्ट्रिय | आवि | | | कक्षा ८ सम्म | | | | |
| १७ | नेपाल राष्ट्रिय | आवि | | | कक्षा ७ सम्म | | | | |
| १८ | जनचेतना | प्रावि | | | कक्षा ४ सम्म | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | मुक्ति | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २० | शिवशक्ति | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २१ | हिमालय मदरसा | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २२ | जनज्योति | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २३ | नेपाल राष्ट्रिय | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २४ | बाल शिक्षा | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २५ | विद्याज्योति | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २६ | नेपाल राष्ट्रिय | प्रावि | | | कक्षा ५ सम्म | | | | |
| २७ | राधाकृष्ण | प्रावि | | | कक्षा ४ सम्म | | | | |
| २८ | सृजना बाल | प्रावि | | | कक्षा ४ सम्म | | | | |
| २९ | मदरसा स्लामिया रहमतूलम | प्रावि | | | कक्षा २ सम्म | | | | |
| | | | | | जम्मा दरबन्दी | | | | |

मिलान पछि कायम भएको दरबन्दी भेरेर मात्र शिक्षकहरुलाई वितरण गर्ने। जान चाहेको विद्यालयको नाम हेरेर तलतिरको सबै रोमा कमशः अङ्कमा ज्ञ,द्द,घ र अक्षरमा एक, दुई, तीन लेख्दै जाने।

शिक्षा विभागको च.नं. ५५ मिति २०७३/९/२४को पत्र अनुसार शिक्षकको वरिष्ठता कायम हुने र सोही अनुसार प्राथमिकता क्रम निर्धारण हुने।

क. सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता।

ख. खण्ड 'क' बाट जेष्ठता नछुट्टिए सोभन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता।

ग. खण्ड 'क' र 'ख' बाट जेष्ठता नछुट्टिएमा सम्बन्धित श्रेणीको अस्थायी नियुक्ति मितिको जेष्ठता।

घ.खण्ड 'क', 'ख', र 'ग' बाट समेत जेष्ठता नछुट्टिएमा खण्ड क को प्रावधानमा सिफारिसको योग्यताक्रम। यदि खुला, कार्यक्षमता, मूल्याङ्कन र आन्तरिक बढुवा एउटै मितिमा भए क्रमश: कार्य क्षमता मूल्याङ्कन, आन्तरिक प्रतियोगिता र खुल्लाका आधारमा।

मैलै दरबन्दी मिलानका सबै आधारहरु पढी विवरणहरु भरेको छु र आफ्नै स्वेच्छाले जान चाहेको विद्यालयको नाम पछि क्रमशः १,२,३ गरेर अङ्क र अक्षर दुवैमा प्राथमिकताक्रम उल्लेख गरेको छु। विवरण फरक परेमा वा पूरा नभरेका वा नभरेका कारण नगरपालिकाले गरेको निर्णय मान्न र खटाएको ठाउँमा जान मञ्जुर छु।

शिक्षकको सही: .......................................... नाम: .......................................... मिति: ..........................................

शिक्षकले भरेको उक्त विवरण सही छ भनी प्रमाणित गर्ने

प्रधानाध्यापकको सही: .......................................... नाम: .......................................... छाप: .......................................... मिति: ..........................................

ग. आधारभूत तह कक्षा ६-८ का लागि

| शिक्षकको पूरा नाम | थर | उमेर | अपाङ्गता भए श्रेणी | नियुक्तिको किसिम* | श्रेणी | सिफारिस क्रम | नियुक्तिको तह | नियुक्ति मिति | नियुक्तिको विषय | सेवा वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

*नोट: नियुक्तिको किसिममा स्थायी/ अस्थायी/ राहत/ न.पा.को अनुदान/नीजी के हो उल्लेख गर्ने।

| माथिल्लो शैक्षिक योग्यता | शैक्षिक योग्यताको मूल विषय | | शिक्षण गर्ने विषय | माथिल्लो तहमा शिक्षण गरेको भए | | सेवाकालीन तालिमको विषय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तह | विषय | | | | |
| | | | | | | | | | |

विद्यालय छनौट फाराम

| सि.न. | विद्यालयको नाम | तह | वडा नं. | टोल | संचालित कक्षा | मिलान कायम भएको विषयगत दरवन्दी | | | | प्राथमिकता क्रम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नेपाली | अंग्रजी | गणित | सामाजिक | अङ्कमा | अक्षरमा | |
| १ | लक्ष्मी | मावि | | | कक्षा १२ सम्म | | | | | | | |
| २ | राम | मावि | | | कक्षा १२ सम्म | | | | | | | |
| ३ | सगरमाथा १ानपुञ्ज | मावि | | | कक्षा १२ सम्म | | | | | | | |
| ४ | त्रिभूवन | मावि | | | कक्षा १२ सम्म | | | | | | | |
| ५ | १ान ज्योति | मावि | | | कक्षा १२ सम्म | | | | | | | |
| ६ | जन१ान ज्योति | मावि | | | कक्षा १० सम्म | | | | | | | |
| ७ | कृष्०ा | मावि | | | कक्षा १० सम्म | | | | | | | |
| ८ | जनता | मावि | | | कक्षा १० सम्म | | | | | | | |
| ९ | नेपाल राष्ध्रिय | मावि | | | कक्षा १० सम्म | | | | | | | |
| १० | १ानज्योति | मावि | | | कक्षा १० सम्म | | | | | | | |
| ११ | सरस्वती | आवि | | | कक्षा १० सम्म | | | | | | | |
| १२ | सिदार्थ | आवि | | | कक्षा ८ सम्म | | | | | | | |
| १३ | बालशिक्षा | आवि | | | कक्षा ८ सम्म | | | | | | | |
| १४ | नेपाल राष्ध्रिय | आवि | | | कक्षा ८ सम्म | | | | | | | |
| १५ | नेपाल राष्ध्रिय | आवि | | | कक्षा ८ सम्म | | | | | | | |
| १६ | नेपाल राष्ध्रिय | आवि | | | कक्षा ८ सम्म | | | | | | | |
| १७ | नेपाल राष्ध्रिय | आवि | | | कक्षा ७ सम्म | | | | | | | |
| | जम्मा दरबन्दी | | | | | | | | | | | |

मिलान पछि कायम भएको दरबन्दी भरेर मात्र शिक्षकहरुलाई वितरण गर्ने। जान चाहेको विद्यालयको नाम हेरेर तलतिरको सबै रोमा कमशः अङ्कमा ज्ञ,द्द,घ र अक्षरमा एक, दुई, तीन लेख्दै जाने।

शिक्षा विभागको च.नं. ५५ मिति २०७३/९/२४को पत्र अनुसार शिक्षकको वरिष्ठता कायम हुने र सोही अनुसार प्राथमिकता क्रम निर्धारण हुने।

क. सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता।

ख. खण्ड 'क' बाट जेष्ठता नछुट्टिए सोभन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता।

ग. खण्ड 'क' र 'ख' बाट जेष्ठता नछुट्टिएमा सम्बन्धित श्रेणीको अस्थायी नियुक्ति मितिको जेष्ठता।

| |
|---|
| घ.खण्ड 'क', 'ख', र 'ग' बाट समेत जेष्ठता नछुट्टिएमा खण्ड क को प्रावधानमा सिफारिसको योग्यताक्रम । यदि खुला, कार्यक्षमता, मूल्याङ्कन र आन्तरिक बढुवा एउटै मितिमा भए क्रमश: कार्य क्षमता मूल्याङ्कन, आन्तरिक प्रतियोगिता र खुल्लाका आधारमा । |
| मैलै दरबन्दी मिलानका सबै आधारहरु पढी विवरणहरु भरेको छु र आफ्नै स्वेच्छाले जान चाहेको विद्यालयको नाम पछि क्रमश: १,२,३ गरेर अङ्क र अक्षर दुवैमा प्राथमिकताक्रम उल्लेख गरेको छु । विवरण फरक परेमा वा पूरा नभरेका वा नभरेका कारण नगरपालिकाले गरेको निर्णय मान्न र खटाएको ठाउँमा जान मञ्जुर छु ।<br>शिक्षकको सही: .......................................... नाम: .......................................... मिति: ..........................................<br><br>शिक्षकले भरेको उक्त विवरण सही छ भनी प्रमाणित गर्ने<br>प्रधानाध्यापकको सही: .......................................... नाम: .......................................... छाप: ..........................................<br>मिति: .......................................... |

घ. माध्यमिक तह कक्षा ९-१० का लागि

| शिक्षकको पूरा नाम | थर | उमेर | अपाङ्गता भए श्रेणी | नियुक्तिको किसिम* | श्रेणी | सिफारिस क्रम | नियुक्तिको तह | नियुक्ति मिति | नियुक्तिको विषय | सेवा वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

*नोट: नियुक्तिको किसिममा स्थायी/ अस्थायी/ राहत/ न.पा.को अनुदान/नीजी के हो उल्लेख गर्ने।

| माथिल्लो शैक्षिक योग्यता | शैक्षिक योग्यताको मूल विषय | | शिक्षण गर्ने विषय | माथिल्लो तहमा शिक्षण गरेको भए | | सेवाकालीन तालिमको विषय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तह | विषय | | | | |
| | | | | | | | | | |

विद्यालय छनौट फाराम

| क्र. सं. | विद्यालयको नाम | तह | वा. नं. | टोल | संचालित कक्षा | मिलान पछि कायम भएको विषयगत दरवन्दी | | | | | प्राथमिकता क्रम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नेपाली | अगरेजी | गणित | विज्ञान | सामाजिक | अङ्कमा | अक्षरमा | |
| १ | लक्ष्मी | मावि | | | कक्षा १२ सम्म | | | | | | | | |
| २ | राम | मावि | | | कक्षा १२ सम्म | | | | | | | | |
| ३ | सगरमाथा ज्ञानपुञ्ज | मावि | | | कक्षा १२ सम्म | | | | | | | | |
| ४ | त्रिभूवन | मावि | | | कक्षा १२ सम्म | | | | | | | | |
| ५ | ज्ञानज्योति | मावि | | | कक्षा १२ सम्म | | | | | | | | |
| ६ | जनज्ञानज्योति | मावि | | | कक्षा १० सम्म | | | | | | | | |
| ७ | कृष्ण | मावि | | | कक्षा १० सम्म | | | | | | | | |
| ८ | जनता | मावि | | | कक्षा १० सम्म | | | | | | | | |
| ९ | नेपाल राष्ट्रिय | मावि | | | कक्षा १० सम्म | | | | | | | | |
| १० | ज्ञानज्योति | मावि | | | कक्षा १० सम्म | | | | | | | | |
| ११ | सरस्वती | आवि | | | कक्षा १० सम्म | | | | | | | | |
| | जम्मा दरबन्दी | | | | | | | | | | | | |

मिलान पछि कायम भएको दरबन्दी भरेर मात्र शिक्षकहरुलाई वितरण गर्ने। जान चाहेको विद्यालयको नाम हेरेर तलतिरको सबै रोमा कमशः अङ्कमा ज्ञ,द्द,घ र अक्षरमा एक, दुई, तीन लेख्दै जाने।

शिक्षा विभागको च.नं. ५५ मिति २०७३/९/२४को पत्र अनुसार शिक्षकको वरिष्ठता कायम हुने र सोही अनुसार प्राथमिकता क्रम निर्धारण हुने।
क. सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता।
ख. खण्ड 'क' बाट जेष्ठता नछुट्टिए सोभन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको जेष्ठता।
ग. खण्ड 'क' र 'ख' बाट जेष्ठता नछुट्टिएमा सम्बन्धित श्रेणीको अस्थायी नियुक्ति मितिको जेष्ठता।
घ.खण्ड 'क', 'ख', र 'ग' बाट समेत जेष्ठता नछुट्टिएमा खण्ड क को प्रावधानमा सिफारिसको योग्यताक्रम। यदि खुला, कार्यक्षमता, मूल्याङ्कन र आन्तरिक बढुवा एउटै मितिमा भए क्रमश: कार्य क्षमता मूल्याङ्कन, आन्तरिक प्रतियोगिता र खुल्लाका आधारमा।

मैलै दरबन्दी मिलानका सबै आधारहरु पढी विवरणहरु भरेको छु र आफ्नै स्वेच्छाले जान चाहेको विद्यालयको नाम पछि क्रमशरू १,२,३ गरेर अङ्क र अक्षर दुवैमा प्राथमिकताक्रम उल्लेख गरेको छु। विवरण फरक परेमा वा पूरा नभरेका वा नभरेका कारण नगरपालिकाले गरेको निर्णय मान्न र खटाएको ठाउँमा जान मञ्जुर छु।

शिक्षकको सही: .......................................... नाम: .......................................... मिति: ..........................................

शिक्षकले भरेको उक्त विवरण सही छ भनी प्रमाणित गर्ने

प्रधानाध्यापकको सही: ................................ नाम: .................................... छाप: ............................... मिति: ..........................................